# बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्या: २०८३/०८४ | बागमती प्रदेश, नेपाल

सूचना नं. : ०६

मिति : २०८३/०४/१२

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी सूचना ! ! !

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिका भित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुले यस गाउँपालिकाको व्यवसाय दर्ता निर्देशिका, २०८१ को दफा ६ बमोजिम यस गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ। साथै यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीहरुले आ.व.२०८३/८४ मा आफ्नो व्यवसाय दर्ता तथा नविकरणका लागि अनिवार्य रुपमा तपसिल बमोजिमको कागजात यस कार्यालयमा पेश गरी आफ्नो व्यवसाय दर्ता तथा नविकरण गरी सञ्चालन गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिन्छ ।

**नयाँ व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु**

- रित पुगेको निवेदन ,
- व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- वडा सर्जमिन मुचुल्का
- व्यवसायीको हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति
- व्यवसायको लागि घर/जग्गा भाडामा लिएको भए भाडा करार सम्झौता पत्र
- राजस्व बुझाएको रसिद
- घर/जग्गा भाडामा लिएको हकमा घरधनीले बहाल कर बुझाएको रसिद

**व्यवसाय नविकरणका लागि आवश्यक कागजातहरु**

- निवेदन
- व्यवसाय दर्ताको सक्कल प्रमाणपत्र
- नविकरणका लागि वडा कार्यालयको सिफारिस पत्र
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- बहालमा व्यवसाय सञ्चालन गरेको भए बहाल सम्झौता कागजात तथा घरधनीले बहाल रकम बुझाएको रसिद
- कर चुक्ताको प्रमाणपत्र (आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको व्यवसायको हकमा)
- राजस्व बुझाएको रसिद (बलेफी गा.पा.को आ.व. २०८३/८४ को आर्थिक ऐन अनुसार)
- व्यवसायको आन्तरिक राजस्व कार्यालयबाट जारी स्थायी लेखा प्रमाणपत्र

(पुनश्च : गाउँपालिकामा व्यवसाय दर्ता गरी आन्तरिक राजस्व कार्यालयबाट व्यवसायको स्थायी लेखा नम्बर नलिएको व्यवसायीहरुले अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिएर मात्र व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध छ ।)

............ २०८३।०४।१२

(सन्देश सापकोटा)

नि.प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३८ ०११-४००५३९ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np

फेसबुक: www.facebook.com/balephiruralmunicipality

Scanned with CamScanner